**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**गण्डकी प्रदेश, प्रदेश कार्यालय**
**पोखरा ।**

# मौजुदा सूची दर्ता गर्नेबारेको सूचना ।

सूचना प्रकाशित मिति २०८०।०४।१२

यस कार्यालयका लागि आर्थिक बर्ष २०८०।८१ मा आवश्यक पर्ने तपसिल बमोजिमका वस्तु/सेवा आवश्यक परेका बखत खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजतपत्र प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुदा सूची (Standing List) दर्ता गर्न रीतपूर्वक निवेदन दर्ता गराउनु हुन अद्यावधिक गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको मितिले १५ दिनभित्र कार्यालय समयमा प्रदेश कार्यालयमा सूचि दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| | |
|---|---|
| १. स्टेशनरी मालसमानहरु (मसलन्द तथा विविध) । | ९. सवारी साधन मर्मत |
| २. छपाई सम्बन्धी कार्य । | १०. कुरीयर तथा कार्गो सेवा |
| ३. विभिन्न प्रकारका फर्निचर तथा फर्निसिङ्ग आपुर्ति तथा मर्मत । | ११. परामर्श सेवा खरिद सम्बन्धी कार्य (अध्ययन, अनुसन्धान, जनशक्ति विकास सम्बन्धी सेवा आदि) । |
| ४. कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, युपियस, एयर कण्डिसन, फ्याक्स, स्क्यानर, टोनर तथा रिफिलिङ्ग आदि मेसिनरी तथा इलेक्ट्रिक समान । | १२. टेलिफोन, नेटवर्क, इन्टरनेट, इलेक्ट्रिक लाइन मर्मत तथा विस्तार सेवा । |
| ५. पिउने पानी (जार तथा बोटलको सिलप्याक) आपूर्ति कार्य । | १३. सफ्टवेयर तथा डाटावेस सम्बन्धि कार्यहरु |
| ६. पत्रपत्रिका तथा पुस्तकहरु आपूर्ति कार्य । | १४. सवारी साधन (जिप, कार, भ्यान, मोटरसाईकल, बस आदि) भाडामा लिने कार्य, चालक प्रशिक्षण कार्य |
| ७. निर्माण तथा मर्मत कार्य | १५. कार्यालय सुरक्षा सेवा खरिद |
| ८. कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, युपियस, एयर कण्डिसन, फ्याक्स मेसिन, स्क्यानर मेसिन तथा अन्य इलेक्ट्रिक सामान मर्मत | |

**दरखास्तसाथ पेश गर्नुपर्ने कागजात**

१. कम्पनी/फर्म दर्ता प्रमाणपत्र तथा इजाजत पत्रको प्रमाणित छायँप्रति ।
२. स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रमाणित छायाँप्रति ।
३. आर्थिक वर्ष २०७८।७९ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति ।

नोट :

- कार्यालयको आवश्यकता अनुसार सामान तथा सेवा खरिद गर्न सकिनेछ ।
- एकभन्दा बढी समूहमा सूचीकृत हुन चाहनेले प्रत्येक समूहका छुट्टा छुट्टै निवेदन दिई सूची दर्ता गराउन पर्नेछ ।
- सम्पर्कको लागि फ्याक्स ठेगाना, मोबाईल, टेलिफोन नं,. सम्पर्क व्यक्तिको नाम, अनिवार्य रुपले निवेदनमा उल्लेख गर्नु पर्नेछ ।
- आफ्नो कारोवारको व्यहोरा खुलाई कुन समूहमा सूचीकृत हुन चाहेको हो स्पष्ट खुलाउनु पर्नेछ ।
- निवेदक व्यक्ति, फर्म, कम्पनी एवं संस्थाले आफ्नो निवेदनमा यस अघि कुनै कसुर नगरेको, सर्वाजनिक खरिद कार्यमा भाग लिन रोक लागेको वा कालो सूचीमा परी अयोग्य नभएको र सार्वजनिक खरिद कारवाहीमा संलग्न हुन आवश्यक सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा सजायँ नपाएको व्यहोरा निवेदक स्वयंले घोषणा गरी निवेदनसाथ संलग्न गर्नु पर्नेछ ।
- माग गरिएका कागजात नपुगेको, कागजात प्रमाणित नभएका तथा रीत नपुगेको निवेदन उपर कुनै कारवाही गरिने छैन ।
- प्राप्त निवेदन उपर छानबिन गरी सूचिकृत गर्ने, नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
- सूचीकृत भएका फर्महरुको नामावली कार्यालयको वेभसाईट www.ctevtgandaki.org.np तथा सूचना पाटीमा प्रकाशन गरिनेछ ।